८६९

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २१८/१५९/२०६९/०७०

निर्णय नं.६१

धनुषा जिल्ला ठेरा कचुरी-९ बस्ने प्रमोदकुमार साह समेत ......................................१ पुनरावेदक

विरूद्ध

प्रमुख, जिल्ला विकास समिति धनुषा, जनकपुर ......................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला धनुषा ठेरा कचुरी-९ बस्ने प्रमोदकुमार साह समेतले जिल्ला विकास समिति, धनुषा सँग मिति २०६९।१२।२१ मा सूचना माग गर्दा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाँउ भनी मिति २०७०।२।६ मा यस आयोग समक्ष पुनरावेदन गरेकोमा पूर्ण सूचना उपलब्ध नगराएको भनी पुन: मिति २०७०।०३।१२ मा पुनरावेदन गरेको । यस आयोगबाट मिति २०७०।०२।१२ र २०७१।११।१० मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न जिल्ला विकास समिति धनुषा, जनकपुरलाई यस आयोगबाट क्रमश मिति २०७०।०२।१२ च.नं. १५७८, पु.च.नं. ४३३ र मिति २०७१।११।१३ मा पत्र पठाइएको । उक्त पत्राचार पश्चात पुनरावेदकबाट सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यस लामो अवधिसम्म पनि सूचना पाइन भनी पुनरावेदक स्वयंबाट पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाइन भनी निवेदन गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउने गरी हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भाद्र २८ गते रोज २ शुभम् ।